नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह ... शाखा)

सिंहदरबार, काठमाडौं ।

फोन नं: ०१-४२००५११

प.सं. ०७६/७७

च.नं. ८३६

मिति २०७७।२।२०

श्री प्रशासन / IT
नगरको website र fb page मा
राख्ने

श्री गाउँपालिका, (सबै)
श्री नगरपालिका, (सबै)

विषयः कृषिजन्य वस्तुहरुको उत्पादन, ढुवानी र बजारीकरणमा सहजिकरण सम्बन्धमा ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयको च.न. ८०६, मिति २०७७।२।२० को कृषिजन्य वस्तुहरुको उत्पादन, ढुवानी र बजारीकरणमा सहजिकरण गर्ने सम्बन्धमा प्राप्त पत्र संलग्न छ। कोभिड-१९ को रोकथाम र नियन्त्रणको सिलसिलामा जारी बन्दाबन्दीको कारणले कृषिजन्य वस्तुहरुको उत्पादन एवं ढुवानीको कार्यहरु सुचारु हुन नसकेको तथा कतिपय स्थानीय तहहरुले देश भित्रकै अन्य क्षेत्रवाट ढुवानी भएका कृषि तथा पशुपन्छीजन्य उत्पादन आफ्नो क्षेत्रमा प्रवेश गर्न नदिने एवं ढुवानी भएका सामग्रीहरु जफत गरी नष्ट गरिदिने जस्ताकार्यवाट कृषकको मनोबल खस्कने, उत्पादन घट्ने र आधारभूत खाद्यवस्तुको आपूर्ति श्रृङखला अबरोध हुन गई खाद्य संकटको अवस्था समेत सिर्जना हुन सक्ने हुँदा कृषि उपजको सहज ढुवानी र बिक्रि वितरणको सहज व्यवस्था मिलाउन स्थानीय तहलाई निर्देशन हुन भनी अनुरोध भई आएकोले कृषि उपजको सहज ढुवानी र बिक्रि वितरण गर्न आवश्यक व्यवस्था मिलाउनु हुन मिति २०७७।२।२० (मा.मन्त्रीस्तर)को निर्णयनुसार अनुरोध छ ।

(... अधिकारी)
सहसचिव

**बोधार्थः**

श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरवार

श्री गृह मन्त्रालय, सिंहदरवारः सबै प्रमुख जिल्ला अधिकारीलाई सहजिकरणको लागि अनुरोध हुन।

श्री जिल्ला समन्वय समिति (सबै) आवश्यक सहयोग र सहजिकरणको लागि।

श्री सूचना तथा प्रविधि शाखा : पत्र वेभसाइटमा अपलोड गरिदिनु हुन ।

Scanned with CamScanner